प्रदेश सरकार
प्रदेश नं. ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, नेपाल

पत्रसंख्या ०७६।७७
च.नं. ४५६३

मितिः २०७६।१२।१८

श्री उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका
सबै, प्रदेश नं ५

विषय : निर्णय कार्यान्वयन सम्वन्धमा ।

प्रस्तुत सम्वन्धमा, प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१२/१७, बैठक संख्या ३३/२०७६ बाट प्रदेशमा कोरोना भाइरस (COVID-19) को नियन्त्रण, रोकथाम तथा उपचारका सम्वन्धमा देहायबमोजिमको निर्णय भएकोले उक्त निर्णयहरु कार्यान्वयन गर्ने, गराउने व्यवस्थाका लागि अनुरोध छ ।

देहाय

क) निर्माण क्षेत्रमा कार्यरत मजदुर घर जान चाहेको विशेष अवस्थामा प्रमुख जिल्ला अधिकारीले समन्वय गर्ने, यातायात साधनको व्यवस्था सम्बन्धित निर्माण व्यवसायीले गर्ने, मजदुरको घर भएको जिल्ला र मजदुर रहेको जिल्लाका प्रमुख जिल्ला अधिकारीले पर्याप्त समन्वय गरी सुरक्षित रुपमा घर जान सक्ने व्यवस्था मिलाउने।

ख) अत्यावश्यक वस्तुको आपूर्ति र कृषिजन्य वस्तुको आपूर्तिका लागि इलाका प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीले आवश्यकता हेरी पासको व्यवस्था गर्ने। साथै खाद्यान्न र कृषि उपजका लागि मात्र इलाका प्रशासन र जिल्ला प्रशासन कार्यालय नरहेको पालिका तहमा पालिका क्षेत्रभित्र मात्र आवतजावत गर्ने गरी सम्बन्धित् पालिकाको प्रमुख प्रशासकीय अधिकृतले निश्चित समयका लागि पासको व्यवस्था गर्ने।

प्रदेश सरकार
प्रदेश नं. ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, नेपाल

पत्रसंख्या ०७६/०७७
च.नं. ४५०३

ग) प्रदेश भित्रका एम्बुलेन्सको विवरण संकलन र चालु अवस्थामा राख्ने कार्य आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने, एम्बुलेन्स चालकलाई समेत आवश्यकता हेरी स्वास्थ्य सामाग्री उपलब्ध गराउने।

घ) दैनिक ज्यालादारीमा काम गर्ने र श्रमिक वर्गका लागि आवश्यक खाद्यान्नको व्यवस्था सम्बन्धित पालिकाले गृह मन्त्रालयको मिति २०७६/१२/१६ को निर्णय अनुसार वडा कार्यालय मार्फत गर्ने।

ङ) कोरोना भाइरस (COVID-19) को आशंकामा मृत्यु भएका व्यक्तिको दाहसंस्कार गर्न सम्बन्धित परिवारलाई सम्बन्धित पालिका र सुरक्षाकर्मीले सहयोग गर्ने। यस कार्यका लागि सव वाहनको व्यवस्था गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले समन्वय गर्ने।

भरतमणि सुवेदी
सचिव